# २५ भाद्र २०८३ मा [illegible] गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

**निर्णय नं १**

चालु आर्थिक वर्ष अन्तर्गत मिति २०८३ साल भाद्र ५ गते सम्पन्न भएको दोश्रो कार्यपालिका बैठकले गरेको निर्णय कार्यान्वनको समिक्षा गरियो ।

**निर्णय नं २**

नेपाल सरकारको स्थानीय तहमा नागरिकलाई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गर्ने नीति अनुसार उमाकुण्ड गाउँपालिकाको वडा नं २ मा रहेको बाम्ति स्वास्थ्य चौकीलाई १० सैयाँको आधारभूत अस्पतालको रुपमा विकास गर्ने गरि भवन निर्माण कार्य समेत सम्पन्न भई हस्तान्तरण भईसकेकाले स्वीकृत दरवन्दी विवरण अनुसारको नेपाल सरकारबाट जनशक्ति तथा सामाग्री व्यवस्थापन नभएसम्मको लागि हालको जनशक्ति तथा उपकरणको उच्चतम/अधिकतम प्रयोग गरि प्रभावकारी आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्ने गरि बाम्ति स्वास्थ्य चौकीलाई १० सैयाँको बाम्ति आधारभूत अस्पतालको रुपमा अगाडी बढाउने ।

**निर्णय नं ३**

भुजी स्वास्थ्य चौकी, भुजीमा कार्यरत सि.अ.न.मि. पुजा देवी सुनुवार र ६ नं वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी दिपक श्रेष्ठको विदा नियमानुसार स्वीकृत गर्ने ।

**निर्णय नं ४**

उमाकुण्ड गाउँपालिकाको सवारी साधन सुविधा प्रयोग गर्ने पदाधिकारी र कर्मचारीहरुलाई इन्धन वापत नगद प्रदान गर्ने मापदण्ड, २०८३ स्वीकृत गरि लागु गर्ने ।

**निर्णय नं ५**

नापी कार्यालय रामेछापबाट विवरण उपलव्ध गराउने सम्वन्धी पत्रको सम्वन्धमा सो सम्वन्धी विवरण नापी कार्यालय रामेछापमा पठाउने ।

**निर्णय नं ६**

गाउँपालिका अन्तर्गतको सम्पर्क शाखाबाट प्रारम्भिक नतिजा तयार भई स्वःमूल्याङ्कन समन्वय समिति तथा सम्वन्धित विषयगत समितिको पृष्ठपोषण सहित कार्यपालिका बैठकमा पेश भएको स्थानीय कार्यसम्पादन मूल्याङ्कन प्रणाली LGPAS को प्रारम्भिक नतिजा स्वीकृत गरि पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिमा पेश गर्ने ।

**निर्णय नं ७**

उमाकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा पशु स्वास्थ्य प्राविधिक सहायक पाँचौ पदमा कार्यरत श्री राधा कुमारी चौधरीलाई अन्यत्र सरुवा भई जान सहमति दिने

**निर्णय नं ८**

श्री सिद्धेश्वर माध्यमिक विद्यालय बाम्तिमा कार्यरत शिक्षक श्री हरि बहादुर खत्री क्षेत्रीको अनुशासन एवं पेशागत आचरणको सम्बन्धमा कारबाहीको प्रक्रिया अगाडि बढाउन विद्यालयलाई निर्देशन दिने। साथै, चित्तबुझ्दो स्पष्टीकरण पेश नगरे पनि रोक्का राखिएको निज शिक्षकको तलबभत्ता मिति २०८३।०३।११ को निर्णय तथा विद्यालयको च.नं १११ मिति २०८३।०३।१२ को पत्रानुसार विदा स्वीकृत नगरी बसेकोले १३ दिनको तलब भत्ता कट्टा गर्न भनि लेखि आएकाले उक्त दिन बराबरको तलब कट्टा गरि २०८२ साल फाल्गुण महिना देखि २०८३ साल असार मसान्त सम्मको तलब हाललाई भुक्तानी दिने ।

**निर्णय नं ९**

उमाकुण्ड गाउँपालिकाको जिन्सी निरिक्षण प्रतिवेदन २०८३ अनुमोदन गर्ने । साथै जिन्सी निरिक्षण प्रतिवेदमा उल्लेखित सुझावहरू ग्रहण गरि कार्यान्वयन गर्ने ।

**निर्णय नं १०**

जिल्ला प्रशासन कार्यालय, रामेछापसँगको समन्वयमा प्रत्येक वर्ष उमाकुण्ड गाउँपालिकाको सबै वडाहरूमा सेवा प्रवाह गर्ने गरि सञ्चालन हुँदै आएको एकिकृत घुम्ति शिविर नेपाली नागरिकताको प्रमाणपत्र वितरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वितरण, राष्ट्रिय परिचयपत्र वितरण, राष्ट्रिय परिचयपत्रको विवरण संकलन, योजना सम्झौता, अपाङ्गताको परिचयपत्र वितरण लगाएतका सेवा प्रवाह गर्ने गरि मिति २०८३/०६/१५ गते देखि शुरू गरि २१ गते सम्पन्न गर्ने गरि एकीकृत घुम्ती शिविर सञ्चालन गर्ने ।

**निर्णय नं ११**

उमाकुण्ड गाउँपालिका ४ नं वडा कार्यालय भवन उद्घाटन कार्यक्रममा भएको खर्च गाउँपालिकाको विविध कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने ।

**निर्णय नं १२**

सडक सरसफाई गर्न एक महिनाको लागि स्वीकृत बजेटबाट दैनिक ज्याला दिने गरि हेमराज सुनुवार, ललि बहादुर श्रेष्ठ र बेद बहादुर श्रेष्ठलाइ काममा लगाउने ७ नं वडा समितिको निर्णय अनुमोदन गरि कार्यान्वयन गर्ने ।

**निर्णय नं १३**

उमाकुण्ड गाउँपालिकाको आर्थिक सहायता कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम तपशिल बमोजिमका ब्यक्तिहरुलाई आर्थिक सहायता प्रदान गर्ने ।

तपशिल

| क्र.सं. | नाम, थर | ठेगाना | सहायता रकम | कैफियत |
|---|---|---|---|---|
| १ | रत्न माया सार्की | उमाकुण्ड ४ | रू ३० हजार | मृगौला रोग लागि उपचार गरिरहेको (विपद उद्दार तथा पुनर्स्थापना खर्च उमाकुण्ड ४ शिर्षकबाट) |
| २ | सुजल खत्री | उमाकुण्ड ४ | रू ३० हजार | दुर्घटनामा परि गम्भिर घाइते भई उपचार गरिरहेको (विपद उद्दार तथा पुनर्स्थापना खर्च उमाकुण्ड ४ शिर्षकबाट) |

**निर्णय नं १४**

रसुवा बाढी पिडितको उद्धार, राहत र पुनर्स्थापनाको लागि गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट रु १ लाख, जनप्रतिनिधिहरूको तर्फबाट १ महिनाको सेवा सुविधाको १० प्रतिसत बराबर, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थामा कार्यरत अधिकृतस्तरको कर्मचारीको सुरू तलब स्केलको ७ दिन बराबर, सहायकस्तरको कर्मचारीको सुरू तलब स्केलको ५ दिन बराबर र तह विहिन कर्मचारीको सुरू तलब स्केलको २ दिन बराबरको तलव र उमावि/मावि शिक्षकको सुरू तलब स्केलको ७ दिन बराबर, आधारभूत तह शिक्षकको सुरू तलब स्केलको ५ दिन बराबर तथा गाउँपालिका अनुदान एवम् अन्य कर्मचारीको सुरू तलब स्केलको
२ दिन बराबरको तलव कट्टा गरि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने ।

**निर्णय नं १५**

प्रिति अस्पताल उमाकुण्ड ४ मा मेडिकल अधिकृत डा. सोनु कुमार यादव र बाम्ति आधारभूत अस्पताल उमाकुण्ड २, मा मेडिकल अधिकृत डा.लोभेन्द्र झालाई अस्पताल प्रमुखको जिम्मेवारी तोक्ने ।

उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल